विषय : नेपाली पूर्णाङ्क ७५
उत्तीर्णाङ्क ३०

कक्षा : ९ समय :२ घण्टा १५ मिनेट

---

**१. समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी लेख्नुहोस् :२**

| **'क'** | **'ख'** |
|---|---|
| शूरवीर | अर्थपूर्ण |
| अर्बुद | केटो |
| सार्थक | क्यान्सर |
| त्राण | सहारा |
| | बहादुर |
| | प्राण |

**२. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस्: २**

क) ……… अनेकार्थी शब्द हो । (बाला , चाला , छाला )

ख ' धरा'को पर्यायवाची शब्द…….हो । ( नदी , ताल , पृथ्वी )

ग) …………श्रुतिसमभिन्नार्थी शब्द हुन् । (फेरी - फेरि , जब - तब , जहिले - तहिले )

घ) ' जाग्रत 'को विपरीतार्थी शब्द ……हो । (जागेको , सुषुप्त , सूक्ष्म )

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : २**

आम्मै ! , इन्द्रका अगाडि स्वर्गको बयान

**४. क. शुद्ध गर्नुहोस् : २**

भाईले भन्यो भोलीदेखि हाम्रो परिक्षा सुरु हुनेछ ।

**ख. तल दिएका समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस्: १**

अ. कुशासन , कुसाशन , कुसासन , कुशाशन

आ.विलौना , बिलौना , वीलौना , बीलौना

**५. रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याउनुहोस् :३**

हिजो आमा मसित झोला मागेर बजारतिर जानुभयो र तरकारी किनेर फर्किनुभयो ।

**६.क. तलका उपसर्ग र प्रत्यय राखी एकएक शब्द बनाउनुहोस् : २**

उपसर्ग : अधि , उत्

प्रत्यय : इम , य

**अथवा**

**तलको अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका दुईदुई ओटा शब्द पहिचान गरी लेख्नुहोस् :**

मानिसले गर्ने सम्पूर्ण काम साना र ठूला भन्ने हुँदैनन् । हरेकको उत्तिकै महत्त्व हुन्छ । शारीरिक र मानसिक परिश्रम पर्ने सबै कामलाई हामीले सम्मान गर्नुपर्छ ।

**ख. तलका शब्दको समास वा विग्रह गर्नुहोस् : १**

पञ्च अमृतको समूह , सानिमा

**अथवा**

**तलको अनुच्छेदबाट एउटा समस्त शब्द र एउटा विग्रहको अवस्था पहिचान गरी समस्त शब्दको विग्रह र विग्रहित अवस्थाका शब्दको समास गर्नुहोस् :**

हिजो आज सान्दिदी निकै बाठी हुनुभएको छ । उहाँ राजनीतिका गफ गर्नुहुन्छ । तल्तिरकी काकीसासूलाई पनि मख्ख पार्नुहुन्छ । हरेक पल गफमा व्यस्त हुनुहुन्छ ।

**७. कोष्ठकमा दिइएका धातु सङ्केतका सहयताले खाली ठाउँ भर्नुहोस् :२**

क) सार्थकले परीक्षा.....................। (दि : सामान्य भूत)

ख) सफल मामाघरमा ............................। ( पुग् : पूर्ण वर्तमान )

ग) खेलाडीहरूले खेल .......................। (जित् : इच्छार्थ )

घ) तिमी घर गएर आराम ............... । (गर् : आज्ञार्थ)

**८. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ४**

क) ऊ खाजा खाँदै छ । (स्त्रीलिङ्ग)

ख) म व्याकरण पढ्दै छु । ( प्रेरणार्थक )

ग) भाइले सुन्तला र केरा किनेछ । ( कर्म वाच्य)

घ) रामु पसलमा जान्छ । ऊ आमालाई लुगा बेच्न सघाउँछ ।( वाक्य संश्लेषण )

**९. अज्ञात भूत कालका तीन ओटा क्रियापदको प्रयोग गरी कुनै घटनाको बयान गर्नुहोस् । ३**

**१०. तलको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् । ५**

जनता उच्च माध्यमिक विद्यालयमा स्याफ्रु गाउँपालिका तथा अन्य गाउँपालिकाका समेत बालबालिका अध्ययन गर्छन् । यो विद्यालय स्थानीय समुदायको सद्भाव र सहयोगमा विद्यार्थीमैत्री वातावरण सिर्जना गर्न प्रयासरत छ । यसैले यहाँ अहिले विद्यालय भवन , विषयगत शिक्षक , शैक्षिक तथा खेलकुद सामग्री , शौचालय , खानेपानी तथा पुस्तकालयको व्यवस्था राम्रो छ । घरबाट आउन सम्भव नहुने विद्यार्थीका लागि विद्यालयले आवासको व्यवस्था गरिदिन सकेको छैन । यी विद्यार्थीहरू विद्यालयकै वरपर डेरा गरी बस्छन् । हिमाली क्षेत्रको सानो बस्ती भएकाले उपयुक्त डेरा पाउन निकै समस्या छ । त्यसमा पनि पर्यटकीय स्थल भएकाले विद्यार्थीले महँगो डेरा भाडा तिर्नुपरेको छ ।

**प्रश्नहरू:**

क. छात्रवासबाट कस्ता विद्यार्थी बढी लाभान्वित भएका छन् ?

ख. विद्यालयमा केके सुविधा छन् ?

ग. विद्यार्थीले किन डेरा भाडा महँगो तिर्नुपरेको हो ?

घ. विद्यालयले केको व्यवस्था गरेको छैन ?

ङ. रेखाङ्कित शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

**११. तलको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् । ५**

हामीले आफ्नो देशलाई भित्री मनदेखि माया गर्न सके भावनात्मक रूपमै हामी देशभक्त कहलाउन सक्छौँ । देश भनेको भूगोल मात्र नभई भावना पनि हो । भावनालाई कार्य रूप दिन सके यथार्थमा पाइला टेक्न सकिन्छ । इतिहासले देखाएको गोरेटोमा अन्धदृष्टि नराखी हेर्ने क्षमता विकास गर्न सक्नेहरूले मात्र सच्चा देशभक्ति प्रदर्शन गर्न सक्छन् । विगतका गौरवमा पाइला टेकेर वर्तमानको मुकुटलाई उचाल्न सकियो भने स्वपहिचान कायम राख्न सम्भव हुन्छ । स्वपहिचान जसले गुमाउँछ , त्यसलाई यथार्थमा जीवित भन्न मिल्दैन । सगरमाथाको शिर बनाउने ह्याउ भएकाहरूबाट नै माटाको सुवासमा रौनकता आउँछ । यही सुवासलाई हृदय र मस्तिष्कमा राख्न सके हामी देशका सपूत कहलिन सक्छौँ ।

**प्रश्नहरू:**

क.देशभक्त कहलिनका लागि के गर्नुपर्छ ?

ख.कस्ता मानिसले देशभक्ति प्रदर्शन गर्न सक्छन् ?

ग.स्वपहिचान राख्न के गर्नुपर्छ ?

घ.देशका सपूत बन्न के गर्नुपर्छ ?

ङ. 'प्रदर्शन' र 'स्वपहिचान' शब्दको अर्थ लेख्नुहोस् ।

**१२) तलको गद्यांशबाट चार ओटा बुँदा टिपी सारांश गर्नुहोस् । ५**

मानिसको रगतमा बढी मात्रामा ग्लुकोज भई पिसाबमा पनि ग्लुकोज देखापर्नुलाई मधुमेह भनिन्छ । हाम्रो शरीरलाई आवश्यक मात्रामा ग्लुकोज चाहिन्छ । शरीरलाई चाहिने ग्लुकोज हामीले खानाबाट पाउँछौँ । उक्त ग्लुकोजको मात्रालाई रगतबाट शरीरका विभिन्न कोशिका तथा तन्तुमा पुयाउने काम प्यानक्रियाज नामक ग्रन्थिमा बन्ने इन्सुलिनले गर्दछ । इन्सुलिन एक हर्मन हो । हाम्रो शरीरलाई इन्सुलिनको पूर्ण कमी भएमा अथवा पर्याप्त भए पनि सो सक्रिय हुन नपाएमा मधुमेह रोग देखापर्दछ । साबिकको भन्दा धेरै पिसाब लाग्नु , धेरै तिर्खा लाग्नु , धेरै भोक लाग्नु तथा तौल घट्नु मधुमेह रोगका प्रमुख लक्षण हुन् । यस रोगका बिरामीलाई आँखाको ज्योति गुम्ने , मिर्गौलामा खराबी हुने तथा रक्तनलीसम्बन्धी समस्या उत्पन्न हुने खतरा हुन्छ । यस रोगबाट बच्न स्वस्थकर खाना खाने ,शारीरिक व्यायाम गर्ने तथा शरीरको तौल सामान्य राख्ने जस्ता कुरामा ध्यान दिनुपर्छ । रोग लागिसकेमा नियमित रगत, आँखा,मिर्गौला र मुटुको परीक्षण गराउनुपर्दछ ।

**१३)कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :४**

क. **दिइएका बुँदाहरूका आधारमा जीवनी तयार पार्नुहोस् :**

नाम : गोपालप्रसाद रिमाल

जन्म : वि. सं. १९७५ जेठ १८ काठमाडौँ

मातापिता : आदित्यकुमारी र उमाकान्त रिमाल

शिक्षा : वि. सं. १९९२ सालको एस.एल.सी.परीक्षामा प्रथम श्रेणीमा प्रथम भएर आइ.ए. सम्म पढेका

संलग्नता : वि. सं.१९९० देखि नै साहित्य लेखनमा लागेका

भाषानुवाद परिषद्मा सरकारी लेखकका रूपमा जागिरे, 'शारदा' पत्रिकाका सम्पादक, वि.सं. १९९७ मा चौध महिनासम्म लप्टन भई काम गरेका

कृति : मसान , यो प्रेम , (नाटक), आमाको सपना ( कवितासङ्ग्रह )

सम्मान तथा पुरस्कार : मदन पुरस्कार २०१९, त्रिभुवन पुरस्कार २०३०

योगदान : निडर , क्रान्तिकारी, स्वाभिमानी , गद्य कविताका प्रारम्भकर्ता , अभिनेता

मृत्यु : वि.सं. २०३० कार्तिक ८ गते काठमाडौं ।

**अथवा**

ख. **वनजङ्गलको महत्त्व** शीर्षकमा दुई साथीका बिचको संवाद लेख्नुहोस् ।

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् : ४**

क. प्रतिस्पर्धा भनेपछि एक प्रकारको छटपटी हुँदो रहेछ ।

ख. तिमी म त आउने जाने रहने त समाज नै हो
कसले के नै साथ लग्ने सिर्जे जति नेपालकै हो ।
मानिसको नाता मिठो मिलीजुली ज्युँनु मिठो
चाचाचाची तता आमै जुनै नाता पनि मिठो ॥

**१५. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ८**

**क तलको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

चन्द्रशमशेरले आफ्ना छोराहरूको रोलक्रमलाई सुरक्षित पारे । उनले छिमेकी भारतमा रहेको अङ्ग्रेज सरकारसँग राम्रो सम्बन्ध बनाए । पहिलो युद्धमा लाखौं नेपाली युवाहरूलाई पठाएबापत उनको निजी कोषमा लाखौं नगद जम्मा भयो । उनले अन्तर्राष्ट्रिय स्तरका विभूषण पनि पाए । उनले सिपाही र पिपाहरूलाई खटाएर सिंहदरबार बनाए र राज्यकोषबाट दुई करोड रुपैयाँ लिए । उनले करोडौं मूल्यका सुन ,चाँदी, हिराहरू अनि करोडौं रुपैयाँ विदेशी बैंङ्कमा जम्मा गरे । त्यति हुँदा पनि उनको बेचैन र छटपटी हटेन, बरु बढ्दै गयो ।

**प्रश्नहरू:**

अ.चन्द्रशमशेरको चरित्रचित्रण गर्नुहोस् ।

आ.चन्द्रशमशेरको बेचैन र छटपटी किन बढ्यो ?

**ख. तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्**

भरी लता वृक्ष विषे टनाटन
नवीन लाखौं फुल पालुवाकन ।
वसन्त आयो कलकण्ठको अब

सुनिन्छ सारै कलकण्ठ गौरव ॥

**प्रश्नहरू :**

अ. कविले वसन्तकालीन सुन्दरताको बयान कसरी गरेका छन् ?

आ. वसन्तको समयमा कोइली कसरी रमाउँछ ?

**ग. तलको जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

जीविकोपार्जनमा कठिनाइ भएपछि दर्नालका पिताले आफ्ना सन्तानको शिक्षादीक्षालाई निरन्तरता दिन सकेनन् । विपन्नतामा बाल्यकाल बिताएका दर्नालले विद्यालयको शुल्कसमेत तिर्न सकेनन् । केही समय त उनले पुर्ख्यौली पेसा गरेर पनि विद्यालयको शुल्क तिर्ने प्रबन्ध मिलाए । यसरी पनि धान्न सम्भव नभएपछि उनका लागि पठनपाठन स्वप्नसरि बन्नपुग्यो । यसैले उनले दरबार स्कुलमा पढ्दापढ्दै पढाइबाट हात धुनुपरेको थियो । फलस्वरूप कहिले आफ्नो घर कालधारा त कहिले काठमाडौँकै थली र गोकर्णको मामाघरमा उनको बाल्यकाल बित्यो ।

**प्रश्नहरू :**

अ.दर्नालका लागि पढाइ किन स्वप्नसरि बन्यो ?

आ दर्नालको बाल्यकाल कसरी बित्यो ?

**१६.मास्टर चोआलालका छोराहरूले बुबाप्रति गरेको व्यवहार तपाईंलाई कस्तो लाग्यो ?यदि तपाईं ती छोराहरूको ठाउँमा हुनुभएको भए के गर्नुहुन्थ्यो ? ४**

**१७.कुनै एकको विवेचनात्मक उत्तर दिनुहोस् : ८**

क)रासायनिक खेती र जैविक खेतीबीच केकस्ता भिन्नता रहेका छन् ?

ख) डा.कमलले व्यक्तित्वनिर्माणका लागि गरेको सङ्घर्षबारे आफ्नो धारणा राख्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा २०० शब्दसम्मको निबन्ध लेख्नुहोस् : ८**

क) नेपाली संस्कृति

ख) विद्यार्थी जीवनमा अनुशासनको महत्त्व

ग) पुस्तकालयको महत्त्व